उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

प.स २०८२/०८३
च.न

मितिः २०८२/०५/२५

<u>उत्तरगया गाउँपालिका रसुवाको अत्यन्त जरुरी सूचना</u>

मिति २०८२ भाद्र २३ र २४ गते Gen-Z समूहद्वारा गरिएको देशव्यापी आन्दोलनका क्रममा दुःखद घटनामा परी विद्यार्थीहरुले ज्यान गुमाएको, नागरिकहरु घाइते भई उपचाररत रहेको र व्यक्तिगत तथा सार्वजनिक सम्पत्तिमा तोडफोड र आगजनी भई राज्यलाई अतुलनीय क्षती भएको अवस्थामा देश शोकाकुल रहेको छ। यस दुःखद घटनाप्रति उत्तरगया गाउँपालिका परिवार गहिरो दुःख व्यक्त गर्दै मृत्यु भएका मृतकहरुप्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट तथा घाईतेहरुप्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दछ। यस दुःखद घटनाबाट उत्पन्न विषम परिस्थितिमा आन्दोलनको नाममा अझैपनि अराजक व्यक्ति र समूहहरुले घुसपैठ गरी व्यक्तिगत र सार्वजनिक सम्पत्तिको तोडफोड, आगजनी, हिंस्रक आक्रमण, बलात्कारका प्रयास जस्ता क्रियाकलापहरु हुनसक्ने सम्भावना रहेकोले शान्ति सुरक्षाको अवस्थालाई मध्यनजर गर्दै नेपाली सेनाले (विज्ञप्ती नं. १३) मिति २०८२/०५/२५ गते निषेधाज्ञा (कर्फ्यू) आदेश जारि भएको साथै जिल्ला प्रशासन कार्यालय, रसुवाबाट (च.नं. २७७) मिति २०८२/०५/२५ गते निषेधाज्ञा (कर्फ्यू) आदेश जारी भएको सन्दर्भमा अर्को सूचना नभए सम्मका लागि यस उत्तरगया गाउँपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक एवं संस्थागत विद्यालयहरु बन्द रहने साथै यस गाउँपालिका र मातहतका कार्यालयहरुबाट प्रवाह हुने अत्यावश्यक र आधारभूत स्वास्थ्य सेवाहरु बाहेकका अन्य सेवाहरु बन्द रहने व्यहोरा अनुरोध छ। यसबाट सेवाग्राहीहरुमा पर्न जाने असुविधाप्रति कार्यालय क्षमाप्रार्थी छ।

२०८२/०५/२५

होमनाथ दाहाल
प्रमुख प्रशासकीय अधिकृत